# इटहरी उपमहानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

इटहरी, सुनसरी

कोशी प्रदेश, नपाल

### इटहरी उपमहानगरपालिकाको विधालयहरुमा दिवा खाजा व्यवस्थापन समबन्धि ठेक्का आह्वानको ३० दिने सूचना।

प्रथम पटक प्रकाशित मिति: २०८०।०४।२३

इटहरी उप-महानगरपालिका अन्तर्गतका ३४ वटा सामुदायिक विध्यालय, ३ वटा धार्मिक विध्यालय र १३ वटा समुदायमा आधारित बाल विकास केन्द्रसमेत जामा ५० वटा शैक्षिक संस्थाहरुमा बाल कक्षा देखि कक्षा ५ सम्मका बालबालिकाहरुलाई विधालय दिवा खाजा व्यवस्थापन गर्न आवश्यक भएकोले सम्वन्धित सबैको जानकारीका लागि तपसिल अनुसारको बोलपत्र आह्वानको सूचना प्रकाशन गरिएको छ।

तपसिल

| S. N. | Contract Id No. | Project Name | Estimate Amount (without VAT) | Bid Fee | Bid Security Amount | Bid Security/Validity Period |
|---|---|---|---|---|---|---|
| 1 | ITR/NCB/3G/080/081 | Supply, delivery and distribution of tiffin for students of different Schools of Itahari Sub-Metropolitan City, Itahari, Sunsari | 8,24,83,204.32 | 5,000.00 | 22,70,000.00 | 120 days/ 150 days |

शर्तहरु:

- फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, नवीकरण भएको व्यवसाय दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धि करदर्ता प्रमाणपत्र, आ.व. २०७८।०७९ को करचुक्ता प्रमाण पत्रको प्रतिलिपि, बोलपत्र फाराम दस्तुर बापत यस कार्यालयको नाममा नेपाल बैंक लिमिटेड इटहरीको राजस्व खाता नं ०५९०३००००१००१००००१ मा नगद जम्मा गरेको भौचर पेश गरी बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np/egp बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ। तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको माथि उल्लिखित बैङ्क खाता नं. मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ।

- बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट रुपले उल्लेख गर्नुपर्नेछ। माथि उल्लेखित धरौटी रकम यस कार्यालयको नेपाल बैंक लिमिटेड इटहरीको धरौटी खाता नं. ०५९०३००००३०००००००१ मा जम्मा गरी सो को बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त 'क' वर्गको बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १५० (एक सय पचास) दिनको म्याद सहित जारी गरिएको विड बण्ड पेश गर्नुपर्नेछ।
- निर्धारित मेनु अनुसार जंक फुड बाहेक उपलब्ध भए सम्म स्थानीय कृषि उपजमा आधारित खाद्यान्न तरकारी, दुध, दहि,माछा मासु, फलफुल लगायतका सामाग्रीहरुको प्रयोग गरि विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका २०८०/२०८१ अनुसार यस उप-महानगरपालिका अन्तर्गतका सामुदायिक विध्यालय, धार्मिक विध्यालय, समुदायमा आधारित बाल विकास केन्द्रमा अध्ययनरत विधार्थीहरुलाई दिउसो १:१५ बजेमा खाजा खुवाउनुपर्ने छ ।
- विध्यालयवाट रेकर्ड लिई साकाहारी र मांशाहारी छुट्याई सोही बमोजिम खाजा खुवाउनु पर्ने छ ।
- उपस्थित विधार्थी संख्याको विध्यालयवाट प्रमाणित उपस्थितिको आधारमा भुक्तानी हुने छ ।
- खाजा प्लेट/पकेट (Aluminium foil box) मा उपलब्ध गराउनु पर्ने छ ।
- यस सूचनामा उल्लेख भएका शर्त यसै बमोजिम र नभएका कुराहरुको हकमा प्रचलित ऐन कानून बमोजिम हुनेछ।
- विस्त्रित जानकारीका लागि कार्यालयको वेभसाइट www.itaharimun.gov.np मा हेर्न तथा कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

राम सुरेन्द्र मेहता
प्रमुख प्रशासकीय अधिकृत

इटहरी उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी
कोशी प्रदेश, नेपाल
स्था:२०७३